# गोरखा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ७ संख्याः २ मितिः २०८०/११/२५

भाग—२

गोरखा नगरपालिका

गोरखा नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# व्याक-हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः२०८०।११।२०

**प्रस्तावनाः**

गोरखा नगरपालिकाको स्वामित्वमा रहेको ब्याक हो लोडर संचालन र व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिमको अधिकार प्रयोग गरी गोरखा नगर कार्यपालिकाले यो कार्यविधि निर्माण गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम "ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०८०" रहको छ|

**२.परिभाषा**

क) "नगरपालिका" भन्नाले गोरखा नगरपालिका सम्झनु पर्दछ ।

ख) "नगरकार्यपालिका" भन्नाले गोरखा नगर कार्यपालिका सम्झनु पर्दछ ।

ग) नगर प्रमुख भन्नाले गोरखा नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।

घ) नगर उप प्रमुख भन्नाले गोरखा नगरपालिका उप प्रमुखलाई सम्झनु पर्छ ।

ङ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गोरखा नगरपालिका कार्यालयका कार्यालय प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) शाखा भन्नाले गोरखा नगरपालिकाको विभिन्न शाखाहरु सम्झनु पर्दछ ।

छ) कार्यविधि भन्नाले गोरखा नगरपालिकाको ब्याक हो लोडर संचालन तथा व्यवस्थापन कार्यविधि, २०८० लाई सम्झनु पर्छ ।

ज) विपद भन्नाले प्रचलित विपद व्यवस्थापन ऐनमा उल्लेख भए अनुसारको विपदलाई सम्झनु पर्छ ।

झ ) मेसिन भन्नाले व्याक हु लोडर सम्झनु पर्दछ ।

**३.उद्देश्य**

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट संचालन गरिने भौतिक विकासका कार्यक्रमहरु, स्थानीय नगरवासी, उपभोक्ता समितिबाट संचालन हुने विकास आयोजनाहरु तथा भौतिक पूर्वाधार विकास लगायत अन्य क्षेत्रका पूर्वाधारका कार्यहरु स-शुल्क माग भए अनुसार प्राथमिकताको आधारमा नगरपालिकाको व्याक हो लोडर प्रयोग/उपलब्ध गराई सहयोग पुर्याउने यस कार्यविधिको उदेश्य रहेको छ । साथै गोरखा नगरपालिका क्षेत्र भित्र हुने विपद सम्बन्धित कार्यमा तत्काल रुपमा व्याक हो लोडर प्रयोग नि.शुल्क गर्न यस कार्यविधिको मुक्य आदेश्य रहेको छ ।

**४.संचालन विधिहरु**

गोरखा नगर कार्यपालिकाको कार्यलयमा रहेको व्याक हो लोडर संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमका प्रकृया पुरा भएप्रश्चात मात्र खटाइने छ,

- ब्याक हो लोडर माग गर्ने संस्था,टोल,समुहहरुले कार्य विधि अनुसारको ढाँचामा फारम भरी व्याक हो लोडर आवश्यकता हो भनि निर्णय प्रतितिलिपि,वडा कार्यालयको सिफारिस पत्र र वडा प्राविधिकबाट तयार भएको लागत अनुमान अनिवार्य पेश गर्नुपर्ने छ ।

- ❖ व्याक हो लोडर माग गर्ने संस्थाका माग निवेदन अनुसूची - १ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतको आदेश भए पश्चात के कति समयका लागि माग गरिएको हो,आदेशमा तोकिएको समय बराबरको कार्यविधिमा तोकेको शुल्क अग्रिम रुपमा नगरपालिकाको राजश्व शाखामा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने छ ।
- ❖ नगरपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरि पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाईने छ ।
- ❖ कार्यालयको कामको प्रकृति र सम्वेदनशीलताका आधारमा प्रमुख प्रशासकीय अधिकृतले प्राथमिकता तोकी व्याक हो लोडर उपलब्ध गराउन सक्ने छ ।
- ❖ व्याक हो लोडर अपरेटरले कार्यालय प्रमुखको स्वीकृत आदेश विना कुनै स्थानमा मेशिन लगी काम गराउने पाउने छैन ।
- ❖ निवेदकले निर्धारित समयभन्दा बढी समय कामकाज गर्नु गराउनु पर्ने भए अपरेटरले तत्काल वडा अध्यक्ष र वडा प्राविधिकसंग सम्वन्य गरि कार्यालय प्रमुखको अनुमति/आदेश लिएर मात्र थप समयको शुल्क कार्यालयमा जम्मा गर्न लगाएर मात्र थप समय मेशिन संचालन गर्नु पर्ने छ ।

- ❖ कार्यालय समय बाहेक वा बिदाको दिनमा मेसिन उपलब्ध गराउनु परेमा
- ❖ स्वीकृत अनुमति/आदेश बमोजिम मेशिन उपलब्ध गराउदा कार्यालय देखि कार्य सम्पन गरि कार्यालयमा फिर्ता भएसम्मको मिटरको हिसाव गणना गरि हुन आउने समय अवधिको शुल्क मेशिन प्रयोग कर्ताले बुझाउनु पर्ने छ|
- ❖ व्याक हो लोडर संचानल तथा व्यस्थापन कार्यविधिमा तोकिए बमोजिमको ढाँचाको लग बुक प्रमाणित हुनु पर्ने छ ।

## ५. इन्धन तथा मर्मत सम्वन्धी व्यवस्था

(क) मेशिन अपरेटरले इन्धन तथा लुब्रिकेन्टस माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम भरी  कार्यालय प्रमुख संग स्वीकृत गराउनु पर्ने छ,इन्धन तथा लुब्रिकेन्टस खपतका अद्यावधिक लगत मेशिन अपरेटरले कार्य विधिमा तोकिएको ढाँचा तयार पारि कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(ख) इन्धन तथा लुब्रिकेन्टस र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत कार्यालयको जिन्सी शाखामा अद्यावधिक राखिनेछ ।

(ग) मेशिन विग्रिएमा, विग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालय प्रमुखलाई गराउनु पर्नेछ । कार्यालयबाट वर्कसपमा चेकजाँच गराइ मर्मत गर्नुपर्ने कार्यको विस्तृत ईस्टीमेत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भारका कार्य गरिनेछ ।

(घ) मर्मत सम्भारका कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा सम्बन्धित शाखाका प्रतिनिधिको रोहवरमा मर्मत सम्भार गराउनु पर्ने छ ।

## ६. व्याक हो लोडर संचालन सेवा शुल्क

कुनै संघसंस्था,टोल,समूहहरु बाट व्याक हो लोडर माग भै आएमा देहाय बमोजिमको शुल्क नगदै कार्यालयमा अग्रिम बुझाउनु पर्नेछ ।

| सी.न | कामको प्रकार | व्याक हो लोडर | कैफियत |
|---|---|---|---|
| १ | गोरखा नगरपालिका वडा नं.१, २, ३,४, १२, १३ र १४ भित्रका बिभिन्न संघ संस्था, टोल, समूहहरुबाट माग भई आएमा | प्रति घण्टा रु.५००/ | डिजेल बाहेक |
| २ | गोरखा नगरपालिका वडा नं.५,६,७,८,९, १०, ११ भित्रका बिभिन्न संघ संस्था, टोल, समूहहरुबाट माग भई आएमा | प्रति घण्टा रु.६००/ | डिजेल बाहेक |
| ३ | नगरपालिका क्षेत्रभित्र नगरपालिका आफ्नै लगानीमा उपभोक्ता | प्रति घण्टा रु.८००/ | डिजेल बाहेक |

| | | | |
|---|---|---|---|
| | समिति मार्फत संचालित योजनाहरु | | |
| ४ | नगरपालिका क्षेत्रभित्र अन्य निकाय तथा ठेक्कापट्टा मार्फत संचालित योजनाहरु | प्रति घण्टा रु.१०००/ | डिजेल बाहेक |

- ❖ नगर क्षेत्रमा भएका विपदका घटनाहरुमा नगर प्रमुखको आदेशानुसार प्रमुख प्रशासकीय अधिकृतले मेसिन उपलब्ध गराउनु पर्ने छ ।
- ❖ नगरपालिकाको स्वमित्वमा रहेको जग्गामा केहि पूर्वाधारका कार्य गर्नुपर्ने भएमा,फोहोरमैला व्यवस्थापन तर्फ गर्ने कार्य,नगर क्षेत्रमा हुने/भएका विपद संग सम्बन्धित कार्य विधिमा तोकीएको क्षेत्रमा नगरपालिकाले मेशिन प्रमुख प्रशासकीय अधिकृतले निःशुल्क रुपमा मेसिन उपलब्ध गराउन सक्ने छ ।

## ७. कर्मचारी व्यवस्था

(क) व्याक हो लोडर सञ्चालनका लागि आवश्यक पर्ने अपरेटर १ जना तथा अपरेटरका सहयोगी १ जना जनशक्ति गोरखा नगरपालिकाले उपलब्ध गराउनु पर्ने छ, मेसिन अपरेटरको सेवा सुविधा कार्यविधिले तोकेको बमोजिम हुने छ ।

(ग) मेशिन अपरेटरले विहान वेलुका समेत कार्य गर्नुपर्ने भएकोले मेसिन संचालन गर्दाको प्रति घण्टा रु.१५० का दरले कार्यालयले मासिक रुपमा उपलब्ध गराउनु पर्ने छ |

**<u>०९. कार्यविधिमा संशोधन</u>**

(१) नगर कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**<u>१०. बाधा अड्काउ फुकाउने अधिकार</u>**

(१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा भएमा वा बाधा अड्काउ आई परेमा कार्यविधिको व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

**अनुसूची १**

**(क) संग सम्बन्धित,**

**व्याक हो लोडर माग गर्ने निवेदनको ढाँचा**

मिति :-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
गोरखा नगर कार्यपालिकाको कार्यालय, गोरखा

**<u>विषयः व्याक हो लोडर मेशिन उपलब्ध गराई पाउँ ।</u>**

**महोदय,**

प्रस्तुत विषयमा हामीलाई निर्माण कार्यको सिलसिलामा गोरखा नगर कार्यपालिकाको कार्यालयको व्याक हो लोडर आवश्यक परेकोले देहायको विवरणसहित माग गरेका छौ | नियमानुसार व्याक हो लोडर उपलब्ध गराई दिनहुन अनुरोध गर्दछौ ।

| ब्याकहो लोडर माग गर्ने व्यक्ति/संस्था/ उपभोक्ता समितिको नाम, ठेगाना | कामको विवरण | व्याक हो लोडर प्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

माग गर्नेको दस्तखत
नामः-
ठेगाना :-
सम्पर्क नं.:-

**संलग्न कागजातहरु**

- ❖ टोल,संघ,संस्था,समूहहरुको निर्माण प्रतिलिपि
- ❖ सम्बन्धित वडा कार्यलयको सिफारिस
- ❖ सम्बन्धित प्राविधिकबाट तयार भएको लागत अनुमान

**कार्यलयको तर्फबाट भर्ने**

| कार्यालयबाट खटिने स्थानसम्म लाग्ने अनुमानित समय | गरिएको मिति र समय माग | अनुमानित लाग्ने समय | अनुमानित समयको शुल्क | जम्मा गर्ने शुल्क |
|---|---|---|---|---|
| | | | | |

**श्री मेसिन अपरेटर**

**माथि उल्लेखित विवरण अनुसार कार्य गर्ने,**

| ................ | ............... | ............................... |
|---|---|---|
| **पेश गर्ने** | **चेक गर्ने** | **प्रमुख प्रशासकीय अधिकृत** |

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिका गोरखा